"ऋषिङ्ग सम्बृद्धिको आधार, कृषि, संस्कृति, पर्यटन र पूर्वाधार"

# ऋषिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कोटदरबार, तनहुँ
गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७७/०७८
चलानी नम्बर :- ६१०

मिति : २०७७/०८/२३

सुचना ! सुचना !! सुचना !!!

जिल्ला प्रशासन कार्यालय तनहुँको प.सं.०७७/०७८ , च.नं.२३८१ मिति २०७७/०८/२३ को पत्र यसै साथ संलग्न छ। उक्त पत्रको व्यहोरा अवगत गरि पत्रमा उल्लेख भए अनुसारको कागजात सहित १० (दश) दिन भित्र ऋषिङ्ग गाउँपालिकाको कार्यालय वा यस मातहतका वडा कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ।

...................................
चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०६५-६२००९६ , ०६५-६२००९५
website www.rishingmun.gov.np e-mail: info@rishingmun.gov.np or rishingmun@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५ ५६०२०८
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७७/७८
चलानी नम्बर २३८१

मिति:

मिति: २०७७।०८।२३

विषयः कार्यदलमा नाम समावेश नभएका घाईतेहरुको विवरण संकलन सम्बन्धमा ।

श्री १० वटै स्थानीय तहहरु, तनहुँ ।

प्रस्तुत विषयमा गृह मन्त्रालय राहत तथा तथ्यांक व्यवस्थापन शाखाको च.नं.८५, मिति २०७७।०८।१६ मा प्राप्त पत्राबाट विवरण माग भएअनुसार नेपाल सरकारले सशस्त्र द्वन्द्व, जनआन्दोलन तथा मधेश आन्दोलनहरुमा भएका घाईते अपाङ्गहरुको विवरण संकलन एवं पहिचांन गर्न विभिन्न मितिमा कार्यदलहरु गठन गरि उक्त कार्यदलहरुले प्रतिवेदन पेश गरेका छन्। सोही आधारमा आर्थिक सहायता तथा जिवन निर्वाह वृत्ति उपलब्ध गराउँदै आइएको छ । यसै सन्दर्भमा "सशस्त्र द्वन्द्व मा घाईते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४" को दफा ३ बमोजिम मिति २०७६ असार २७ गते सुचना प्रकाशन गरी शसस्त्र द्वन्द्व जनआन्दोलन र मधेश आन्दोलनका घाईतेहरुका निवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुबाट संकलन गरि घाईते/अपाङ्गता प्रतिशत निर्धारण एवं पुनरावलोकन गरी केन्द्रिय अनुमोदन समितिबाट अनुमोदन गर्ने कार्य भई सोही आधारमा जीवन निर्वाह वृत्ती उपलब्ध गराएको छ ।

यद्यपी कतिपय घाईते अपाङ्गहरुले आफ्नो नाम कार्यदलमा छुट भएको भनि मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयहरुमा बारम्बार गुनासो गरिरहेकोले वास्तविक रुपमा माओवादी सेनाका घाईते अपाङ्ग, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेस आन्दोलनका घाईते अपाङ्गहरुलाई पहिचान गरि निवेदन संकलन गरि गृह मन्त्रालयमा पठाउन लेखि आएकोले तपशिल अनुसारको कागजात सहित १५ (पन्ध्र) दिनभित्र यस कार्यालयामा पठाउनहुन आदेशानुसार अनुरोध छ ।

**तपशिलः**

१. घाईते अपाङ्गताको विवरण पुरा देखिने गरी व्यक्तिहरुको फोटो ।
२. एक्सरे रिपोर्ट, अन्य रिपोर्ट ।
३. हाल जाँच गरिएको चिकित्सकको प्रेस्क्रिप्सन र परिक्षण गर्ने चिकित्सकको नामथर र हस्ताक्षर सहित नेपाल मेडिकल काउन्सिलको दर्ता नं. उल्लेख गर्नुपर्ने ।
४. आफुसँग भएको पहिला जँचाएको कागजात र रिपोर्टहरु (भएमा मात्र) ।
५. परिक्षण गर्ने चिकित्सकलाई सहजताको लागि आफ्नो घाईते तथा अपाङ्गता समस्या खुल्ने सम्बन्धित अन्य प्रमाण ।
६. माथि उल्लेखित आन्दोलनमा घाईते अपाङ्गता भएको भनि सम्बन्धित वडाको सिफारिस ।

२०७७।८।२३
.......................
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत